# लेखकीय

शीर्षक नै अलि असजिलो हुन पुगेको छ : नेपालीय हुनलाई... । तर, के गर्ने ? हामीले बेहोरिरहेको समय नै असजिलो छ । यो सन्धिकाल (ट्रान्जिसन पेरियड) मात्र होइन, संक्रमणकाल (इन्क्यूवेसन पेरियड) ठहरिएको छ । पुराना मूल्य, मान्यता एवं विश्वासहरूमा पखेटा पलाएका छन्, र नयाँ अवधारणाहरूले टेक्ने हाँगा भेट्टाएका छैनन् । त्यसैले निश्चित केही पनि छैन; कसैले पनि केही कुरा ठोकुवा गर्न सक्ने अवस्था छैन । त्यस्तो तरलताका केही फाइदाहरू पनि छन् : नयाँ विचारलाई वास्तविकताका बाध्यताहरूभित्र कैद गरिरहनु पर्दैन । त्यसो भए तापनि यो प्रस्तुति सीमाविहीन भने होइन ।

सबभन्दा पहिले यो सोचपत्र हो; शोधपत्र होइन । त्यसैले पूर्वअध्ययनलाई विस्तृत रूपमा केलाइएको छैन । कुनै कुरा कहिले पढेको वा सुनेको भरमा प्रस्तुतिका बुँदाहरू तयार गरिएका छन् । सन्दर्भ व्यापक भएकाले प्रस्तुतिको गठन पनि विधिसम्मत नदेखिन सक्छ । तर, त्यस्तो स्वच्छन्दताबेगर अपेक्षाकृत नयाँ अवधारणा प्रस्तुत गर्न सकिँदैन ।

विषय व्यापक भएकाले गहनताको कमी महसुस हुन सक्छ । त्यसलाई पूरा गर्न विज्ञहरूले गहिरो विश्लेषणका आधारमा ठोस निष्कर्ष निकाल्ने प्रयत्न गर्नेछन् भन्ने अपेक्षा साथ यस प्रस्तुतिलाई संक्षिप्त बनाइएको छ । उसै पनि यो प्रस्तुति बन्द नभएर खुला (ओपेन इन्डेड) छ, यसर्थ थप अध्ययनका सम्भावनाहरू अनन्त छन् ।

नेपालीमा लेख्नेहरूले भाषिक कमजोरीको आक्षेपका लागि सदैव तयार रहनुपर्दछ; यो प्रस्तुति अपवाद होइन । पारिभाषिक शब्दहरूको स्थापित मान्यताभन्दा भिन्न प्रकारले प्रयोग गरिएकाले अवधारणाहरूबारे प्रश्न उठाउन सकिन्छ । र, त्यस्ता प्रश्नहरू आए मात्र विचार खारिने परिस्थिति बन्न सक्नेछ ।

यो पाठ्यसामग्रीभन्दा पनि प्रस्तुतिको सन्दर्भ-पाठ हो । त्यसैले भाषा-लालित्य वा व्याकरणीय शुद्धताको कुनै दाबी छैन । 'यो भन्दा त मै राम्रो लेख्न सक्छु' भन्ने किसिमको जोस जन्मिए प्रस्तुतिको सफलता ठहरिनेछ ।

**सीके लाल**